- आज मिति २०७९ असार ३१ गते शुक्रबारको दिन दार्मा गाउँपालिका सल्यानको कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री निम वहादुर के.सी.ज्यूको अध्यक्षतामा बसी तपसिलका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

<u>तपसिल</u>

| | |
|---|---|
| श्री निम बहादुर के.सी. | अध्यक्ष |
| श्री जुना मल्ल चन्द | उपाध्यक्ष |
| श्री रेशम ओली | प्रमुख प्रशासकीय अधिकृत |
| श्री टंक बहादुर वली | सदस्य |
| श्री सार्की खत्री | सदस्य |
| श्री पोखर बहादुर खत्री | सदस्य |
| श्री चन्द्र बहादुर रावत | सदस्य |
| श्री सुदिप के.सी. | सदस्य |
| श्री देवी खत्री | सदस्य |
| श्री धनिराम नेपाली | सदस्य |
| श्री लाल बहादुर सुनार | सदस्य |
| श्री रुपा चन्द मल्ल | सदस्य |
| श्री रेवती कुमारी कामी | सदस्य |
| श्री पुष्पाञ्जली मगर | सदस्य |
| श्री हिरा खड्का | सदस्य |
| श्री खुम बहादुर के.सी. | नायब सुब्बा |
| श्री हेमन्त थापा | कार्यालय सहयोगी |

प्रस्तावहरू

१. कर्णाली पूर्वाधार ( Lisp ) कार्यक्रमको लागी योजना छनौट सम्बन्धमा ।

२. रणनीतिक योजना तथा निर्देशिका पेश गर्ने सम्बन्धमा ।

३. गाउँपालिकाको बगैचा व्यवस्थापन सम्बन्धमा ।

४. सेञ्चुरी बैक सँग कारोबार गर्ने सम्बन्धमा ।

## निर्णयहरु

निर्णय नं. १

स्थानीय पूर्वाधार सहयोग कार्यक्रम कर्णाली पाइलट संचालनका लागि तपसिल बमोजिमका निर्णय गरियो ।

(क)-यस दार्मा गाउँपालिकामा रहेको स्थानीय पूर्वाधारको दीगो संचालनको लागी पालिकास्तरीय स्थानीय पूर्वाधार मर्मत संभार सहयोग कोष स्थापनाको लागि एकमुष्ट रु. १ करोड ७३ लाख विनियोजन गर्ने र कोष संचालनका लागी आर्थिक वर्ष २०७९/८० को प्रथम चौमासिक भित्र कार्यविधि तयार गरी पारित गर्ने ।

(ख) स्थानीय तह पूर्वाधार सहयोग कार्यक्रम कर्णाली पाइलट द्धारा क्षमता अभिवृद्धि तथा प्रणाली सुधारका लागि प्राप्त हुने प्राविधिक तथा आर्थिक श्रोत स्वीकार गर्ने र पाइलटको सहयोगमा स्थानीय पूर्वाधार विकासलाई प्रभावकारी एवम् जलवायु उत्थानशिल बनाउन आवश्यक पर्ने विभिन्न क्रमश: कानूनी, नीतिगत, र प्रक्रियागत विषयहरुमा आवश्यक थपघट, संशोधन/सुधार गर्दै जाने ।

(ग) आगामी आ.व. २०७९/८० मा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम कर्णाली पाइलटसँग संयुक्तरुपमा स्थानीइ पूर्वाधार विकासका विभिन्न तरिका, साधन र विधि प्रयोग गर्ने तथा स्थानीय पूर्वाधार विकास क्रियाकलापको अनुगमन मुल्यांकन तथा सिकाई गर्ने ।

(घ) आगामी आर्थिक वर्ष २०७९/८० का लागि जलवायु उत्थानशिल, श्रममा आधारित र उत्पादनशिल स्थानीइ पूर्वाधार योजना (श्रममा आधारित, हरित

दार्मा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

पूणर्लाभ, नतिजामूखी, जलवायु परिवर्तन अनुकूलन, विपद व्यवस्थापन एवम् जोखिम न्युनीकरण, उत्पादनशिल, आवश्यकतामा आधारित, आर्थिक-सामाजिक रुपले सिमान्तक्रित वर्ग सहित समुदायको ठुलो हिस्सा लाभान्वित हुने ) शिर्षकमा तपसिल बमोजिमका योजनाहरुलाई छनौट गर्ने निर्णय गरियो ।

| सि.नं. | आयोजनाको नाम | ठेगाना | रकम (रु हजारमा) | कैफियत |
|---|---|---|---|---|
| १. | सेताढाँरा-फारुला सडक स्तरउन्नती | दार्मा-६ | २००० | |
| २. | मौलेखाली-मैदान सडक स्तरउन्नती | दार्मा-१ | १००० | |
| ३. | टिकेपातल-रातामाटा सडक निर्माण | दार्मा-५ | १००० | |
| ४. | किमटाकुरा-वडाचौर सडक निर्माण | दार्मा-६ | १५०० | |
| ५. | लाँखुरीडाँडा-नाउँला-गलाँत-भातमारे-भुरुङखोला सडक निर्माण | दार्मा ४ | १५०० | |
| ६. | भुवनटाकुरी-भदालेखोला सडक स्तरउन्नती | दार्मा-२ | १००० | |
| ७. | नेटापिपल-साङ्टा सडक निर्माण | दार्मा-५ | १००० | |
| ८. | छिन्नेपातल-मैदान-राष्ट्रिय मा.वि खानेपानी योजना | दार्मा-१ | २००० | |
| ९. | झ्यारीवाङ सिंचाइकुलो निर्माण | दार्मा-२ | ८०० | |
| १०. | कञ्जलुकेनी कमलपोखरी लिफ्ट खानेपानी क्रमागत निर्माण | दार्मा-४ | ८०० | |
| ११. | नुवारा पक्की सिंचाइ कुलो निर्माण | दार्मा-२ | ७०० | |
| १२. | कर्जेखोला, भक्कानेमुल भक्कानेमुल खानेपानी योजना | दार्मा-२ | १००० | |
| १३. | चिस्यानघर निर्माण | वडा नं ३ | २५०० | |
| १४. | लेखागाउँ महिला सामुदायीक भवन | वडा नं ३ | ५०० | |
| १५. | जम्मा | | १७३०० | |

निम बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

दार्मा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय २०७३

निर्णय प्रमाणित

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. २

तपसिलका रणनीतिक तथा प्रतिकार्य योजनाहरु सर्वसहमतिले पास गर्ने ।

तपसिल :

| सि.नं. | विवरण | कैफियत |
|---|---|---|
| १ | स्वास्थ्य संकट एवम् विपद पूर्वतयारी तथा प्रतिकार्य योजना | |
| २ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिक योजना | |

निर्णय नं. ३

दार्मा गाउँपालिकामा बगैचा व्यवस्थापनको लागि नियमित गोडमेल गर्न, विरुवा तथा फुलबारीको रेखदेख गर्न, विरुवा र नर्सरी व्यवस्थपन गर्न एकजना तपसिलका व्यक्तिलाई दैनिक ज्यालामा काम लगाउने ।

तपसिल :

| सि.नं | नामथर | ठेगाना | पद | ज्यालादर | कैफियत |
|---|---|---|---|---|---|
| १ | दिपा सार्की | दार्मा-३ | बगैचे | ६०० दैनिक | |

निर्णय नं. ४

गाउँपालिकामा सरकारी कारोबार गर्ने १ वटा मात्र बैंक रहेको र ६ वटै वडाको वैङ्किङ कारोबार सोही बैंकले मात्र नभ्याउने भएकोले चालु आ.व. देखी दार्मा गाउँपालिकाको सरकारी कारोबार गर्ने गरी सेञ्चुरी बैंक झुल्नेटा रुकुमसँग सम्झौता गरी कार्य अगाडि बढाउने ।

दार्मा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सल्यान २०७३

निम बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत